**"गोरखापत्र" दैनिकको मिति २०७६।०३।१४ गते शनिबारको दिन प्रथम पटक प्रकाशित सूचना**


▸ वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

GORKHAPATRA DAILY

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ॥

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ॥

| वर्ष ११९ | अङ्क ५४ | काठमाडौँ | २०७६ साल असार १४ गते शनिबार | आषाढ कृष्ण द्वादशी | नेपाल संवत् ११३९ तछलागाः १२ | 2019 June 29 Saturday | Website : www.gorkhapatraonline.com | पृष्ठ :






कृषकहरू
बीमा गर्दा खतरा
दुर्घटनापछि आर्थिक
बीमा गर्नु पूर्व बु
स्पष्ट भई गर्
फोन नं.


## भाषा सार्वजनिक



बुझिएको छ। अघिल्ला वर्षजस्तो यसपालि लिखित परीक्षा पास हुँदैमा कोरियाको रोजगारीका लागि आवेदन दिन योग्य नहुने शाखाले स्पष्ट पारेको छ। यस वर्षदेखि सीप परीक्षण अनिवार्य गरिएको भण्डारीले जानकारी दिनुभयो। यस वर्षदेखि सीप परीक्षामा उत्तीर्ण भएकाले मात्र रोजगार आवेदन दिन पाउनेछन्। पहिलेजस्तो लिखित परीक्षा पास गर्दैमा कोरियाको रोजगारीका लागि योग्य हुन सक्दैनन्, उहाँले थप्नुभयो। भाषा परीक्षा र सीप परीक्षणमा उत्तीर्ण हुने परीक्षार्थी रोजगार आवेदन दिनका लागि योग्य हुनेछन्। रोजगारीका लागि एक सम्भावित व्यक्ति भए पनि कोरियाका रोजगारदाताको छनोटमा पर्नेले मात्र रोजगारीको अवसर प्राप्त गर्नेछन्।

परीक्षामा पास हुँदैमा कोरियाको रोजगारी ग्यारेन्टी भयो भनेर ढुक्क नहुन सूचना अधिकारी भण्डारीले सबै परीक्षार्थीलाई आग्रह गर्नुभएको छ। कोरियाले नेपालबाट यति श्रमिक लाने भनेर तोकेको हुँदैन, १० हजार ५० त उत्तीर्ण गराउने नम्बर मात्र हो, रोजगारदाताको आवश्यकताको आधारमा उत्तीर्ण परीक्षार्थीलाई छनोट गरेर लैजाने गर्छ, सूचना अधिकारी भण्डारीले भन्नुभयो।

---

**नेपाल सरकार**

**ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**

## विद्युत् विकास विभाग

**सानो गौचरण, काठमाडौँ**

## मध्य भोटेकोशी जलविद्युत् आयोजनाको २२० के.भी. प्रशारण लाइन आयोजनाको सार्वजनिक सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७६।०३।१४)**

प्रदेश नं. ३ को बागमती अञ्चल, सिन्धुपाल्चोक जिल्लाको गाती गा.वि.स. स्थित मध्य भोटेकोशी जलविद्युत् आयोजनाको **स्वीचयार्डदेखि प्रारम्भ भई नेपाल विद्युत् प्राधिकरणको प्रस्तावित बाह्रबिसे सवस्टेशनसम्म** निर्माण हुने २२० के.भी. विद्युत् प्रशारण लाईन निर्माण गर्न विद्युत् ऐन २०४९ को दफा ४ अनुसार विद्युत् नियमावली २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत् प्रसारण लाइनको निर्माण अनुमतिपत्रको लागि श्री मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेडले दरखास्त पेस गरेकाले विद्युत् नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँच बुझ गरी नियम १६ को प्रयोजनका लागि तपसिलका विवरण खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित २२० के.भी. प्रशारण लाइन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विद्युत् विकास विभागमा प्रतिक्रिया उपलब्ध गराइदिन हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड प्रचलित कम्पनी ऐन २०६३ अन्तर्गत गठन भएको कम्पनी हो।
२. यस प्रशारण लाईनको भोल्टेज २२०,००० भोल्ट (सिंगल सर्किट) र प्रसारण क्षमता १०२ मे.वा. रहेको छ।
३. यो प्रशारण लाईन सिन्धुपाल्चोक जिल्लाको गाती गा.वि.स (हालको बाह्रबिसे नगरपालिका वार्ड नं.५. मा अवस्थित मध्य भोटेकोशी जलविद्युत् आयोजनाको स्वीचयार्डदेखि सोही वडा नं.५ को घुम्ने खेत, तल्लो सिगार्चे, कुतरि सिर्से, कुखुरे हुँदै वडा नं. ३ को सिम्ले खेत (तल्लो पलाटी), दुशमुरे खेत (ठूलो पलाटी) र भटारे खेत (सानो पलाटी) र वडा नं.४ को पलाटी हुँदै बाह्रबिसे गा.वि.स. (हालको बाह्रबिसे नगरपालिका वार्ड नं.४) मा प्रस्तावित नेपाल विद्युत् प्राधिकरणको बाह्रबिसे सवस्टेशन सम्म २२० के.भी. (सिंगल सर्किट) को निर्माण गरिनेछ।
४. यस प्रशारण लाईनको लम्बाई करिब ३.९३५ कि.मी. हुनेछ र यस विद्युत् प्रशारण लाइनअन्तर्गत ११ वटा एंगल टावर तथा २ वटा डेड इन्ड टावरहरू गरी जम्मा १३ वटा टावरहरूको निर्माण हुनेछ र एक टावरदेखि अर्को टावरसम्मको दूरी औषत ३०२:७२ मिटर हुनेछ। यस आयोजनाको प्रशारण लाइन निर्माण गर्न करिब १२.४१३ हेक्टर जमिन प्रयोग हुनेछ जस मध्ये स्थायी रूपमा ०.३३९ हेक्टर टावरहरूको निर्माण गर्न प्रयोग गरिनेछ साथै ११.४७४ हेक्टर जमिन प्रशारण लाईनको क्षेत्राधिकार (Right Of Way) को रूपमा जग्गा अधिग्रहण हुनेछ।
५. यो प्रशारण लाइनको Right of Way (Row) विद्युत् नियमावली २०५० बमोजिम न्युनतम दूरीमा नघटाई प्राविधिक दुष्टिकोणबाट ३० मिटर (मध्यबिन्दुबाट १५/१५ मिटर दाँया बाँया) रहने छ।
६. यो प्रशारण लाइनको निर्माण कार्य १८ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
७. यो प्रशारण लाइनको निर्माण तथा सञ्चालन गर्दा विद्युत् ऐन २०४९ को दफा २४ र यस आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनबमोजिम भूक्षय, बाढी, बायु, प्रदूषणद्वारा वातावरणमा प्रतिकूल असर नपर्ने गरी निर्माण गरिनेछ।
८. यस आयोजनाको बारेमा थप बुझ्न परेमा देहायको ठेगानामा सम्पर्क राख्न सकिने छ।

| मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | विद्युत् विकास विभाग |
| --- | --- |
| महाराजगंज, काठमाडौँ | सानो गौचरण, काठमाडौँ |
| पो.ब.नं. २३५९९ | पो.ब.नं २५०७ |
| फोन नं. ०१-४७२१६४१, ४७२१६४२ | फोन नं ०१-४४४५५९१ |
| इमेल : admin@mbjcl.com.np | इमेल : info@doed.gov.np |